आज मिति २०८१/०५/१३ गते यस निस्दी गाउँपालिकाको ६६ औं गाउँ कार्यपालिका बैठक यसै नि
गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक
देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री सोभा कुमारी फाल

२०. कार्यालय सहयोगी श्री गम बहादुर गाहा

**<u>मिति २०८१। ०५।१३ गते बस्ने निस्दी गाउँपालिकाको ६६ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु</u>**

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. शिक्षा नियमावली तथा कार्यविधि सम्वन्धमा ।

३. लेन्थमेन खटनपटन सम्वन्धमा ।

४. बिबिध ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्ति बहादुर सारु
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

**मिति २०८१।०५।१३ गते बसेको निस्दी गाउँपालिकाको ६६ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन , जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको शिक्षा नियमावली २०८१ तथा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१ सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका अन्तरगत रहेका मोटर बाटोमा खटिएका लेन्थमेनहरुको आवश्यक व्यवस्थापन गरी नियमित यातायात संचालन गर्न सम्वन्धित वडा कार्यालय लाइ निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क ) आ व २०८१/०८२ को आयोजना तथा कार्यक्रम संचालन तथा फरफारक गर्नको लागि आयोजना सम्झौता किताब तथा आयोजना फरफारक किताब छफाइ गर्न गाउँ कार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

ख) यस गाउँपालिका अन्तरगत रहेका घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन् गर्न नदिजन्य पदार्थको प्रारम्भिक वातावरणिय परिक्षणको प्रक्रियालाइ थप अगाडी वढाउन गाउँ कार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो ।

ग) आ.व २०८१/०८२ को आयोजना तथा कार्यक्रम संचालन गर्न टोल विकास संस्था / उपभोक्ता समिति गठन मिति २०८१ भाद्र मसान्त सम्ममा सम्पन्न गर्ने निर्णय गरियो ।

घ) यस गाउँपालिका अन्तरगतका सात वटै वडा कार्यालय बाट वडागत कार्ययोजना मिति २०८१ भाद्र १९ गते सम्ममा वडा सचिव र वडा अध्यक्षको हस्ताक्षर सहित गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

ङ) यस गाउँपालिकामा रहेका बजारहरुको अनुगमन गरि उपभोक्ता हित संरक्षण गर्न अनुगमनको जिम्मेवारी गाउँपालिका अध्यक्ष र गाउँपालिका उपाध्यक्ष लाइ प्रदान गर्ने निर्णय गरियो ।

च) निस्दी गाउँपालिका र वडा कार्यालयबाट उठेको राजश्वको बैंङ्क दाखिला गर्ने म्याद बढीमा सात दिन कायम गर्ने निर्णय गरियो ।

छ) आ व २०८१।०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि प्राथमिकिकरणमा परेका बेरोजगार ब्यक्तिको आधारमा तपसील अनुसार बजेट विनियोजन गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

८१।५।१३
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्ति बहादुर सारु
अध्यक्ष

| क्र स | वडा कार्यालय | बजेट रकम रु | लाभग्राहि संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | बाकामलांग | २,६७,२०० | ०४ | |
| २ | सहलकोट | ६,०१,२०० | ०९ | |
| ३ | झिरुवास | १२,०२,४०० | १८ | |
| ४ | मित्याल | ६,६८,००० | १० | |
| ५ | गल्धा | ६,६८,००० | १० | |
| ६ | अर्चले | ६,६८,००० | १० | |
| ७ | ज्यामिरे | २,६७,२०० | ०४ | |
| | जम्मा | ४३,४२,००० | ६५ | |

ज) निस्दी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तरगत भकारो सुधार रु ३० लाखको कार्यक्रम तपसील अनुसार संचालन गर्ने निर्णय गरियो ।

| क्र स | वडाको नाम | भकारो संख्या | कैफियत |
|---|---|---|---|
| १ | वाकामलाङ्ग | २७ | |
| २ | सहलकोट | २६ | |
| ३ | झिरुवास | २९ | |
| ४ | मित्याल | ३५ | |
| ५ | गल्धा | ३५ | |
| ६ | अर्चले | २० | |
| ७ | ज्यामिरे | २८ | |
| | जम्मा | २०० | |

झ) निस्दी गाउँपालिकामा कार्यरत बालमैत्री सहजकर्ता तथा सामाजिक परिचालक लाइ फिल्ड प्रतिवेदनका आधारमा प्रति महिना फिल्ड भत्ता रु २ हजार प्रदान गर्ने निर्णय गरियो । हेभी सवारी चालक र सह चालकको मासिक पारिश्रमिक क्रमश रु २७,६१२ र रु २५,८०८ कायम गर्ने र फिल्ड भत्तालाइ निरन्तरता दिने निर्णय गरियो ।

ञ) निस्दी गाउँपालिकाको पहिचान ,संस्कृति र अवशर झल्कीने गरि गाउँपालिकाको लोगो तयार गर्न गाउँ कार्यपालिकाको कार्यालय लाइ निर्देशन दिने निर्णय गरियो ।

ट) निस्दी गाउँपालिका वडा नं - ०७ ज्यामिरे को हुँडी खोला तथा गेझाटार सिंचाइ आयोजनाको लागी उर्जा तथा सिंचाइ मन्त्रालय, बैकल्पीक उर्जा प्रवर्दन सौर्य सिंचाइ प्रणाली सोलार पम्पिङ्ग सिस्टम जडान कार्यक्रम माग गर्नको लागी सम्वन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष